# बर्दगोरिया गाउँपालिका

**आधारभूत तह उत्तीर्ण परीक्षा-२०८१**

कक्षा-८ पूर्णाङ्क ५०

समयः २:०० घण्टा विषयः नेपाली

---

१. दिइएका अर्थसंग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् : २

(टेलिस्कोप, क्षितिज, दर्शन, संविधान, कुप्रथा)

क) पृथ्वी र आकाश जोडिएको जस्तो देखिने ठाउँ .................. ।

ख) संविधान सभाबाट बनेको दस्तावेज ........................ ।

ग) टाढाको वस्तु हेर्ने यन्त्र .......................... ।

घ) नराम्रो किसिमको चालचलन ...................... ।

२. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् । २

क) 'बगैंचा'को जस्तो अर्थ दिने शब्द ............... हो । (कुसुम, बाग, निकुञ्ज)

ख) 'भलो' को उल्टो अर्थ दिने शब्द ................ हो । (आली, कुभलो, असल)

ग) 'जून' को श्रुतिसमभिन्नार्थी शब्द ............हो । (जन, धन, जुन)

घ) 'गाग्रो' शब्दको लघुतावाची शब्द ................ हो । (गाग्री, गिलास, कप)

३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : २

हुने विरुवाको चिल्लो पात, पत्रकार

४. शुद्ध शब्द छानेर लेख्नुहोस् : १

| | | | |
|---|---|---|---|
| अ) संचय | सन्चय | सञ्चय | सङ्चय |
| आ) मानिस | मानीस | मानिश | मानिष |

५. तल दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : २

पार्वतिले पति तिर जिज्ञासू दृष्टिले हेरिन

६. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस : २

<u>किसान</u> परिश्रमी छ त्यसैले <u>ऊ</u> <u>सधैं</u> काममा <u>लागिरहन्छ</u> ।

७. दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् : २

क) विद्यार्थीहरूले राम्रो चित्र ...................... । (बनाउः अपूर्ण भविष्यत)

ख) तपाईहरू राम्रो गीत ...................... । (गाउः सम्भावनार्थ)

ग) विमलाले कथा ...................... । (पढ्ः पूर्ण वर्तमान)

घ) तिम्रा साथीहरू देश विकासमा ................. । (लागः इच्छार्थक)

८. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ३

क) तँ घर जा । (उच्च आदर)

ख) शिवरात्रीमा रमाइलो भयो । (अकरण)

ग) म पुस्तक पढ्छु । (कर्मवाच्य)

९. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : ३

वर्दगोरिया माध्यमिक विद्यालयका छात्र छात्राहरूले एक आपसमा सरसल्लाह गरे । सल्लाहबाट सबैले आ-आफ्नो घरबाट तात्तातो खानेकुरा ल्याउने अनि विद्यालयमाथिको चौरमा बसेर खादै रमाइलो गर्ने निर्णय गरे ।

प्रश्नहरू:

क) अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका एक-एक ओटा शब्द लेख्नुहोस् ।

ख) अनुच्छेदबाट एक-एक ओटा द्वित्व र समस्त शब्द लेख्नुहोस् ।

ग) अनुच्छेदमा रेखाङ्कन गरिएको शब्दको कारक र विभक्ति लेख्नुहोस् ।

१०. दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : ४

इन्टरनेटका माध्यमबाट विश्वका जुनसुकै ठाउँमा सञ्चार गर्न सकिन्छ । हाल विश्वका करोडौं मानिसले इन्टरनेटको प्रयोग गर्दछन् । कम्प्युटरमा इन्टरनेटको प्रयोग गर्नका लागि हाम्रो कम्प्युटरमा इन्टरनेट जडान गरिएको हुनपर्छ । इन्टरनेटको प्रयोग गर्न एउटा कम्प्युटर र सञ्चार उपकरण एउटा टेलिफोन तथा तार वा विना तारको माध्यमको आवश्यकता पर्छ । इन्टरनेटको विशेष सुविधा इलेक्ट्रोनिक मेल वा इमेल हो । इमेलको उपयोग गरी फाइल स्थानान्तरण वा आदान प्रदान गर्न र अनलाईन कुराकानी गर्न सक्छौं । संसारभरका जुनसुकै क्षेत्रको ज्ञान विचार र अनुभवको साटासाट इमेल मार्फत गर्न सकिन्छ ।

प्रश्नहरू:

क) इन्टरनेटका माध्यमबाट विश्वका कुन-कुन ठाउँमा सञ्चार गर्न सकिन्छ ?

ख) हाल विश्वका कति मानिसले इन्टरनेटको प्रयोग गर्छन् ?

ग) इन्टरनेटबाट हुने दुई वटा फाइदा लेख्नुहोस् ।

घ) 'इमेल्' र 'अनलाइन्' शब्दको अर्थ लेख्नुहोस् ।

११. दिइएको अनुच्छेद पढी चार ओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् : ४

सगरमाथा आरोहणका लागि सबैभन्दा उपयुक्त समय बसन्तऋतुलाई लिने गरिन्छ । यसै समयलाई आधार मानी सकेसम्म पुरै तयारी र हिम्मतका साथ जुन्को तावेइ आफ्नो समूहको नेतृत्व गरेर सन् १९७५ मा जापानबाट नेपाल आइन् । त्यस बेला उनी ३५ वर्षकी तथा सिन्या र नोरिको जस्ता एक छोरा र एक छोरीकी आमा भइसकेकी थिइन् । उनका साथमा १३ महिला र दुई जना पुरुष सदस्य दिए । समूहका सदस्यले काठमाण्डौं अवतरणपछि हिमाल आरोहणका लागि पूर्व तयारी गर्न थाले । उनीहरूले फरक फरक उचाइमा वेसक्याम्प बनाउँदै गए । सबैभन्दा पहिले खुम्बु क्षेत्रमा वेसक्याम्प बनाए भने त्यसपछि अझै उचाईमा थप दुई ओटा वेसक्याम्प बनाए ।

१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ३

क) दिइएका बुदाका आधारमा जीवनी तयार गर्नुहोस् :

नाम : लक्ष्मीप्रसाद देवकोटा

जन्ममिति : वि.सं. १९६६ कार्तिक २७ गते

जन्मस्थान : धोविधारा, काठमाण्डौं

माता : अम्मर राज्यलक्ष्मी

पिता : तिलमाधव देवकोटा

प्रमुख साहित्यिक कृतिः

महाकाव्य : शाकुन्तल, सुलोचना वनकुसुम, चौहान,

खण्डकाव्य : मुनामदन, सीताहरण, कुञ्जीनी आदि

उपन्यास : चम्पा

साहित्यक योगदानः

- नेपाली साहित्यका महाकवि
- प्रकृतिप्रेमी
- देशभक्त तथा विशिष्ट निवन्धकार

साहित्यक विशेषताः

- स्वच्छन्दतावादी कवि
- मानवतावादी विचारधारा
- कल्पनाशीलता
- बौद्धिकताको प्रस्तुती गरेका

मृत्यु : क्यान्सर रोगबाट वि.सं. २०१६ साल काठमाण्डौंमा

ख) 'पानीको महत्व' शीर्षकमा दुईजना साथीहरूबिच हुने संवादको नमुना तयार पार्नुहोस् ।

१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । ३

क) वर्दगोरिया गाउँपालिका स्तरीय वक्तृत्वकला प्रतियोगितामा आफू प्रथम भएको कुरा वर्णन गर्दै आफ्नो गाउँमा वस्ने साथीलाई चिठी लेख्नुहोस् ।

ख) तपाईको भाइको जन्मदिन मनाउनका लागि आफ्ना आफन्त तथा साथीहरूलाई दिइने निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् ।

१४. कुनै एकको भाव विस्तार गर्नुहोस् : ३

क) उम्रन्न वोट कसैले विउ छरेर नगए
वन्दैन मुलुक दुईचार सपूत मरेर नगए ।

ख) उपहार हृदयवाट समर्पण गरेर दिइन्छ ।

**१५. तल दिइएको प्रबन्धको अंश पढ्र साधिएका प्रश्नको उत्तर दिनुहोस् :** ४

कुनै पनि वस्तु वा मालसामान खरिद अथवा उत्पादन गरेर बिक्री वितरण गर्ने कार्यलाई व्यापार भनिन्छ । व्यापारको सामान्य उद्देश्य नाफा कमाउनु हो । तथापि यसलाई नाफामुलक र सेवामुलक व्यवसाय मान्ने गरिन्छ । वस्तु वा मालसामानको प्रकृति अनुसार व्यापारलाई सामान्यतः स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय गरी तीन भागमा वर्गीकरण गर्ने गरिन्छ । स्थानीय व्यापार भन्नाले स्थानीय स्तरमा उत्पादित वस्तु वा मालसामान उत्पादन गरी देशभित्रकै अर्को स्थानमा किनबेच गरिन्छ । पछि अर्को मुलुकमा वस्तु वा मालसामान किनबेच हुन्छ भने त्यसलाई अन्तराष्ट्रिय व्यापार भनिन्छ ।

**प्रश्नहरू:**

क) व्यापार भन्नाले के बुझ्नुहुन्छ ?

ख) व्यापारलाई कस्तो व्यवसाय मान्ने गरिन्छ ?

ग) व्यापारलाई कति भागमा वर्गीकरण गर्न सकिन्छ ?

घ) अन्तराष्ट्रिय व्यापार भन्नाले के बुझिन्छ ?

**१६. कुनै एक प्रश्नको लामो उत्तर दिनुहोस् :** ५

**क) दिइएको कथांश पढी समीक्षात्मक उत्तर दिनुहोस् ।**

वुढाको त्यस्तो चाला देखेर वुढिले भनिन् "वनिसकेको मूर्ति नदिएर भन वैनासमेत फिर्ता गर्नुभयो । दिएको भए अरु रुपैयाँ पनि आउँथ्यो । के खर्च गर्ने अव घरमा चामलको गेडो छैन ।" सासूको कुरामा बुहारीले पनि थपथाप गरिन् ।

**प्रश्नः**

अ) नेपालका वास्तविक कलाकारहरूको आर्थिक अवस्था दयनीय रहेके सङ्केत पाइन्छ । अमरपुत्र कथाका आधारमा चर्चा गर्नुहोस् ।

**ख) दिइएको संवादको अंश पढी समीक्षात्मक उत्तर दिनुहोस् :**

वल्ल घैंटामा घाम लाग्यो । साँच्चै 'पदमार्ग' पैदल यात्राको माग मा नभएर ज्ञान आर्जन, पेसा व्यवसाय विस्तार, विदेशी मुद्रा आर्जन, सँस्कृतिक आदानप्रदान जस्ता वहुआयामिक पक्षको मार्ग रहेछ ।

अ) 'पदमार्ग' पाठभित्रको यस अंशमा भनिएजस्तै केकस्ता पदमार्ग यात्राक माध्यमवाट कसरी वहुआयामिक लाभ लिन सकिन्छ ? चर्चा गर्नुहोस् ।

**१७. कुनै एक शीर्षकमा १२५ शब्दमा नघटाई निबन्धको रचना गर्नुहोस् :** ५

क) देशप्रति मेरो कर्तव्य

ख) नेपालमा पर्यटन व्यवसाय

ग) सूचना प्रविधिको प्रयोग

**समाप्त**